# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।०५ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, भद्रपुर झापाका नायव सुब्बा राजकुमार धिमालले तालिम कार्यक्रम सञ्चालन गरेबापत भुक्तानी प्राप्त गर्नुपर्ने रकम दिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिइ गएको टोलीले निज नायव सुब्बा राजकुमार धिमाललाई सेवाग्राहीसँग रू.३५,०००।—(पैंतीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, भद्रपुरको कार्यालय परिसरबाट नियन्त्रणमा लिईएको साथै उक्त कार्यमा संलग्न सोही कार्यालयका शाखा अधिकृत सुमेन्द्र मण्डललाई समेत नियन्त्रणमा लिई अनुसन्धान हुँदा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, भद्रपुरका शाखा अधिकृत सुमेन्द्र मण्डल र नायव सुब्बा राजकुमार धिमालसमेतले विद्युत जडान तालिम सञ्चालनको लागि आएको बजेट मध्येबाट कमिसन नदिए तालिम सञ्चालनार्थ आएको बजेट निकासा रोकिदिने भनी आलटाल गरी सेवाग्राहीसँग रू.३५,०००।— (पैंतीस हजार) घुस/रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजहरू शाखा अधिकृत सुमेन्द्र मण्डल र नायव सुब्बा राजकुमार धिमाललाई बिगो रू.३५,०००।— (पैंतीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता